# प्रिन्सिपलको उत्साहः Peachtree Middle School मा *राष्ट्रिय हिस्पेनिक सम्पदा महिना* को रमझम बढेको छ

राष्ट्रिय हिस्पेनिक सम्पना महिनाको रमझम हलवेमा देखिँदै गर्दा DeKalb काउन्टीको केन्द्रबिन्दुमा, Peachtree Middle School जीवन्त रमझम तथा अमूल्य शिक्षाको स्वर्ग बनेको छ। हिस्पनिक र पोर्टो रिकन मूलका प्रिन्सिपल Michelle Perez ले यस विशेष महिनामा आफ्ना विद्यार्थीहरूका लागि आकर्षक र समावेशी वातावरण सिर्जना गर्ने जिम्मेवारी लिइरहनुभएको छ।

अमेरिकामा सेप्टेम्बर 15 देखि अक्टोबर 15 सम्म वार्षिक रूपमा मनाइने *राष्ट्रिय हिस्पेनिक सम्पदा महिना* राष्ट्रको इतिहास, संस्कृति र उपलब्धिहरूमा हिस्पेनिक अमेरिकीहरूको योगदान र प्रभावहरूको सम्मान गर्ने समय हो। DeKalb County School District (DCSD) मा हिस्पेनिक/ल्याटिनो सम्पदा भएका विद्यार्थीहरूको सङ्ख्या लगभग 20 प्रतिशत छ। त्यो भव्य हो, तर झनै Peachtree Middle School का 45 प्रतिशत विद्यार्थीहरूले यस समुदायको प्रतिनिधित्व गर्छन्, जुन उल्लेखनीय छ।

प्रिन्सिपल Perez ले आफ्ना विद्यार्थीहरूको पृष्ठभूमिलाई अँगाल्न उत्साहित हुँदै, आफ्ना विद्यार्थीहरूसँगै हिस्पेनिक सम्पदाको यस वार्षिक उत्सवमा डुबुल्की मार्ने अवसरलाई सदुपयोग गर्नुभएको छ। उहाँ अभिभावकसँग सक्रिय रूपमा संलग्न हुनुहुन्छ, र उनीहरूको हिस्पेनिक पृष्ठभूमि र उनीहरू जुन देशबाट आएका हुन्, ती देशहरूको बारेमा छलफललाई बढवा दिन्छिन्।

कक्षाकोठा सजाउने प्रतियोगिता *राष्ट्रिय हिस्पेनिक सम्पदा महिना* का दौरान Peachtree Middle School मा सञ्चालन गरिएको एउटा उत्कृष्ट गतिविधिहरू मध्येको एक हो। शिक्षक र विद्यार्थीहरूले आफ्ना ढोकाहरूलाई विभिन्न हिस्पेनिक देशहरूका सजावट, तथ्यहरू र झन्डाहरूको जीवन्त प्रदर्शनमा रूपान्तरण गर्छन्। विद्यालयले बिहानको घोषणाहरूमा सामान्य ज्ञान पनि समावेश गर्दछ र हिस्पेनिक समुदायका ऐतिहासिक व्यक्तित्वहरूको उपलब्धिहरू अन्वेषण गर्दछ।

"भवनमा हिँड्दै गर्दा [सजिएका ढोकाहरू] बाट सिक्न पाउँदा र उनीहरूले प्रमुखता दिन खोजेका विभिन्न व्यक्तिहरूको बारेमा ढोकामा जानकारी पढ्दा गजब लाग्यो," प्रिन्सिपल Perez ले भन्नुभयो। "हामी विद्यार्थीहरूले आफ्नो कक्षाकोठामा बोल्नु पर्ने कुराको बारेमा एउटा तथ्य प्रदान गर्छौं, र त्यसपछि उनीहरू फ्रन्ट अफिसमा कल गर्छन्, लगभग रेडियो जस्तै, र हामी उनीहरूलाई सही अनुमान गरेकोमा पुरस्कार दिन्छौं।"

ज्ञान आर्जन गर्नुका अतिरिक्त, यी पाठहरूले विद्यार्थी र शिक्षकहरू बीचको अर्थपूर्ण अन्तरक्रियालाई बढावा दिन्छ, आफ्नो विविध पृष्ठभूमिको बारेमा कुराकानीलाई प्रोत्साहन दिन्छ। ग्रेड सात की विद्यार्थीले Brithany Avila पनि हिस्पेनिक प्रिन्सिपल पाएकोमा प्रसंसा गरिन्।

"हामीले हाम्रा सबै समस्याहरूको बारेमा स्पेनिस भाषामा बोल्नलाई, र हामीलाई बुझ्ने कोही व्यक्ति पाएका छौं," Brithany ले भनिन्। "उँहा साँच्चिकै राम्रो प्रिन्सिपल हुनुहुन्छ जसले सधैं हामी कस्तो महसुस गर्छौं भनेर बुझ्छ। उहाँले विद्यालयलाई रमाइलोका साथै शैक्षिक पनि बनाउनु हुन्छ।"

विद्यार्थी साथीहरू Aviv Balsar तथा Michael Williams ले Perez को नेतृत्व तथा शैक्षिक अवसरहरूको प्रशंसा गर्दै यही भावनाहरूको प्रतिध्वनित गरे।

“उहाँ रूखो खालको प्रिन्सिपल हुनुहुन्न र यो मलाई मन परेको छ । उहाँ विद्यालयको लागि कडा मेहनत गर्नुहुन्छ, सबैलाई हँसाउनुहुन्छ, र सबैको दिन राम्रो बनाउनुहुन्छ,” Michael ले भने । "मैले नक्सामा मेक्सिको कहाँ पर्छ र यसका उत्कृष्ट गुणहरू, जस्तै उत्कृष्ट खानाहरूको बारेमा थाहा पाए ।”

Aviv सहमत भए । "मलाई हिस्पेनिक सम्पदाको बारेमा खासै थाहा थिएन, त्यसैले यसको बारेमा नयाँ कुराहरू सिक्दा साँच्चिकै रमाइलो भयो ।"

Peachtree Middle School को नेतृत्वमा पुग्ने प्रिन्सिपल Perez को यात्रा प्रेरणादायी छ । उहाँले 2015 मा एक शिक्षिकाको रूपमा आफ्नो पेसा सुरु गर्नुभयो र, आफ्नो समर्पण र प्रभाव मार्फत, बिस्तारै बढ्दो जिम्मेवारीका भूमिकाहरू ग्रहण गर्दै जानुभयो । उहाँको यात्रा 2021 मा प्रिन्सिपलको नियुक्ती पाउँदा उत्कर्षमा पुगेको थियो, जसले उहाँलाई केवल 28 वर्षको उमेरमा DCSD को सबैभन्दा कम उमेरको प्रिन्सिपल बनायो ।

सुरुमा शिक्षक बन्न तय गरे पनि, प्रिन्सिपल Perez ले आफ्ना विद्यार्थीहरूका पक्षमा वकालत गर्ने तथा थप प्रमुख भूमिका मार्फत परिवर्तन ल्याउने प्रत्येक अवसरलाई अँगाल्नुभयो ।

"म सधैं ठट्टा गर्छु कि प्रिन्सिपल दुर्घटनावश भइयो किनभने म सधैं पढाउन चाहन्थें।" प्रिन्सिपल Perez ले भन्नुभयो । “मलाई पढाउन एकदमै मन पर्छ । यो मेरो पहिलो प्रेम हो, तर कुराहरू परिवर्तन हुँदै जान्छन् । म बालबालिकाहरूलाई माया गर्छु र उनीहरूको लागि वकालत गर्छु, र प्रत्येक भूमिकाले मलाई झन् ठूलो मात्रामा त्यसो गर्न दियो ।”

प्रिन्सिपल Perez को नेतृत्वले Peachtree Middle School मा नमेटिने छाप छोड्दैछ । उहाँले यस विद्यालय वर्ष प्रत्येक विद्यार्थीले हेरचाह, सम्मान र महत्त्व पाएको महसुस गरुन् भनेर सुनिश्चित गर्न लक्षित गर्दै विद्यार्थीको सामाजिक र भावनात्मक सहयोगमा ध्यान केन्द्रित गर्ने परिकल्पना बनाउनु भएको छ ।

“यो भवनमा गएर कुनै पनि विद्यार्थीलाई उनले ध्यान पाएका छन् कि छैनन् भनेर सोध्न सक्षम हुनुसँग सम्बन्धित छ,” उहाँले जोड दिनुभयो । "के तपाईंलाई विद्यालयमा आउनका लागि यो ठाउँ सुरक्षित छ जस्तो लाग्छ जहाँ तपाईंले ध्यान, सम्मान वा महत्त्व नपाएको महसुस नगरी सिक्न सक्नुहोस् ? यो वर्षको मुख्य प्रयास यही भएको छ ।”

2023 को *राष्ट्रिय हिस्पेनिक सम्पदा महिना* औपचारिक रूपमा समापन हुन लागिरहेको भए पनि, प्रिन्सिपल Perez ले आफ्ना विद्यार्थी र कर्मचारीहरूलाई विविधताको प्रशंसा गर्ने र प्रत्येक विद्यार्थीले आफ्नोपन महसुस गर्ने एउटा न्यानो र समावेशी वातावरण सिर्जना गर्न प्रेरित गरिरहने कुराको बाचा गर्नुभएको छ ।

XXX